# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(........वार्षिक प्रतिवेदन........ शाखा)

पत्र संख्या :- ०७५।७६

रामशाहपथ, काठमाडौं

चलानी नं. :- १६०५

मिति :- २०७५/०५/०४


श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री उच्च सरकारी वकील कार्यालयहरु, सबै ।
श्री जिल्ला सरकारी वकील कार्यालयहरु, सबै ।

विषयः मासिक तथा वार्षिक प्रतिवेदनको फाराम सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा मिति २०७५/०५/०१ देखि मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनमा आएको छ । नयाँ संहिता बमोजिम यस कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुले सम्पादन गरेका काम कारवाहीहरुलाई मासिक तथा वार्षिक प्रतिवेदनका रुपमा पेश गर्न महान्यायाधिवक्ताको कार्यालयबाट मिति २०७४/०३/३२ को निर्णयले मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरु निर्धारित गरेको छ । महान्यायाधिवक्ताको कार्यालयबाट उच्च सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ६ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), विशेष सरकारी वकील कार्यालयका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि ११ (ती मध्ये फाराम नं १ देखि ७ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि ११ सम्म वार्षिक प्रतिवेदन), जिल्ला सरकारी वकील कार्यालयहरुका लागि निर्धारित गरिएका ढाँचाहरु फाराम नं १ देखि १५ (ती मध्ये फाराम नं १ देखि ११ सम्म मासिक प्रतिवेदन र फाराम नं १ देखि १५ सम्म वार्षिक प्रतिवेदन) निर्धारण गरिएको छ । तोकिएको ढाँचामा २०७५ साल भदौ महिना देखि (मासिक प्रतिवदेनका हकमा भदौ महिनामा सम्पादन गरेको कामको प्रतिवेदन असोज महिनाको पहिलो हप्ता र वार्षिक प्रतिवेदनका हकमा आर्थिक वर्ष २०७५।०७६ को प्रतिवेदन पठाउने गरी) नियमानुसार मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी सबै कार्यालयहरुले महान्यायाधिवक्ताको कार्यालयमा पठाउन हुन अनुरोध छ । साथै, जिल्ला सरकारी वकील कार्यालयहरुले मासिक र वार्षिक प्रतिवेदन सम्बन्धित उच्च सरकारी वकील कार्यालयमा समेत पठाउन र सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले मातहतका सरकारी वकील कार्यालयहरुबाट प्राप्त प्रतिवेदन नियमित आए नआएको र महान्यायाधिवक्ताको कार्यालयबाट निर्धारित ढाँचामा भए नभएको र तथ्यांक मेल खाए नखाएको समेत हेरी व्यवस्थित गरी राख्न समेत अनुरोध गर्दछु । सबै कार्यालयहरुको लागि निर्धारित प्रतिवेदनका फारामहरु यस कार्यालयको वेब साइटमा राखिएको छ । उल्लिखित फाराम भर्ने सम्बन्धमा कुनै समस्या वा जिज्ञासा भए देहायको नम्बरमा सम्पर्क राख्न समेत अनुरोध छ ।

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी मोबाइल नं ९८४१३८४९९३
नायब सुब्बा श्री चन्दनकुमार ठाकुर मोबाइल नं ९८४४२७५१९१

(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता